# पाठ - 4

# الدرس الرابع - نيبالي

## विशेषता र गुणको उदाहरण

## ومن الأمثلة للصفات

अल्लाह तआलाले भन्नु भएको छ

* وَقَالَتِ الْيَهُودُ يَدُ اللهِ مَغْلُولَةٌ غُلَّتْ أَيْدِيهِمْ وَلُعِنُوا بِمَا قَالُوا بَلْ يَدَاهُ مَبْسُوطَتَانِ يُنْفِقُ كَيْفَ يَشَاءُ * المائدة ٦٤

यहुदीले भने कि अल्लाहको हात बाँधिएको छ, तर वास्तवमा तिनीहरुकै हात बाँधिएको छ, यस भनाइको कारण तिनीहरु तिरस्कृत भए, बरु अल्लाहको दुवै हात खुल्ला छन्, जुन किसिमबाट जसरि चाहन्छन र जति चाहन्छन खर्च गर्दछन् यहाँ अल्लाहले आफु प्रति आफ्नो दुवै हात प्रमाणित गर्नु भएको को छ जसको विशेषता यो हो कि त्यो उपहार र पुरस्कारको लागि खोलिएका छन, तसर्थ उपहार र पुरस्कारको लागि खोलिएको अल्लाहको दुइवटा हात हो भन्ने कुरा माथि विशवास राख्नु पर्छ, तर त्यसको कैफियत कस्तो छ बारे भन्नु र सोच्नु मनाही गरिएको छ, र यो पनि भन्नु मिलदैन कि अल्लाहको हात मानिसहरुको हात जस्तै छ, किनकि अल्लाह तआलाले भन्नु भएको छः

* لَيْسَ كَمِثْلِهِ شَيْءٌ وَهُوَ السَّمِيعُ الْبَصِيرُ* الشورى: ١١

उहाँ जस्तो कुनै कुरा छैन र उहाँले सुनिरहेका छन र हेरिरहेका छन ।

तौहीदको यस प्रकार बारे संक्षिप्त कुरा यो हो, कि अल्लाहले आफु प्रति जुन कुराहरुलाई प्रमाणित गर्नु भएको छ, वा मुहम्मद ﷺ ले जुन कुराहरु लाई अल्लाह प्रति प्रमाणित गरेका छन् ती कुराहरुलाई हामी अनिवार्य रुपले मानौं, र जुन कुराहरुलाई अल्लाहले आफु प्रति मनाही गरेका छन् वा मुहम्मद ﷺ ले जुन कुराहरुलाई अल्लाह प्रति मनाही गरेका छन् ती कुराहरुलाई हामी अनिवार्य रुपले नकारनौं, र त्यस माथी आस्था र विश्वास पनि राखौ

र कुनै किसिमको हेरफेर, परिवर्तन, वा घटथप नगर्नु , नत आफ्नो मनमानी तपसिल र विवरण स्पष्ट गर्नु, साथै अल्लाहका गुण र विशेषताहरु लाई मानिसहरुको गुण र विशेषता जस्तै नबुझनु, नत तिनीहरुको उदाहरण प्रस्तुत गर्नु न इनकार गर्नु, र जुन कुराहरुबाट मनाही गरिएको छैन र प्रमाणित पनि भएको छैन भने त्यस बारे चुपलागेर बस्नु ।

तसर्थ यस पाठ बाट हामीहरु लाई यो थाहा भयो कि एकेश्वरवादको अर्थ यो हो कि सृष्टिकर्ता र पालनकर्ता मात्र एउटै अल्लाह नै हुन र हरेक प्रकारको उपासना अराधना भक्ति र पूजापाठ मात्र एक अल्लाहको लागी हुनु पर्यो र अल्लाहको काम र गुण र विषेशताहरु मा उहाँ को कोही पनि साझेदार र सहभागी छैन ।